# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष २ गते २०१४ साल

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं· ७१

प. व. तथा सञ्चार सचिवालय अन्तगत विजुली अड्डालाई एक जना असिस्टेन्ट इन्जीनियर चाहिएको छ योग्य उमेदवारहरूले प. स. क. फारामनं १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी फी दस्तुर मोरू ३ सहित २०१४ साल माघ २४ गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु होला। फी दस्तुर नभएका र म्याद नाघी दाखिल भएका दरखास्त उपर कुनै विचार हुने छैन। दरखास्त फारामको नमूना हरेक नेपाली हुलाक, गढी, गौंडा, गोस्वाराहरूमा पनि पाइन्छ।

पदको विवरण यस प्रकार छ :—

१· पद :— असिस्टेन्ट इन्जीनियर, गजेटेड्, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यता :— इलेक्ट्रिक इन्जीनियरिंगमा ग्राजुयट्।

३· वाञ्छनीय योग्यताः— प्रथम श्रेणीमा पासभएकालाई प्राथमिकता दिइनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. अभ्यास अवधिः— ६ महिना।

५. मासिक तलबको स्केल र भत्ताः— तलब मोरू.१८०। देखि ३६० महँगी भत्ता मोरू २०।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी-पब्लिकसर्भिस कमिशन.
सिंहदरबार, काठमाडौं नेपाल,

---

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर प्रभुराज, शर्मा.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।